**मिति २०७९ श्रावण १३ गते शुक्रबार (वि.सं.२०७९।४।१३) तुलसीपुर उपमहानगरपालिकाको दोश्रो कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. १**

भू उपयोग ऐन,२०७६ को परिच्छेद १८ बमोजिम गठित भू उपयोग कार्यान्वयन समितिको मिति २०७९।४।१२ गते बसेको बैठकको निर्णय बमोजिम तुलसीपुर उपमहानगरपालिका नापनक्सा ईकाईबाट तयार गरिएको तुलसीपुर उपमहानगरपालिका वडा नं. १ देखि १९ सम्मको जग्गाको वर्गीकरण(कृषि, गैरकृषि) क्षेत्रको डिजिटल विवरण नापीशाखा कार्यालय तुलसीपुर र मालपोत कार्यालय तुलसीपुरमा सिफारिस गरी पठाउने र सोही अनुसार अबिलम्ब कित्ताकाटको प्रकृया अघि बढाउन अनुरोध गर्ने निर्णय गरीयो । साथै यस उपमहानगरपालिकाले निर्माण गरेको जग्गाको बर्गीकरण सम्बन्धी डिजिटल विवरण नापी तथा मालपोत कार्यालय तुलसीपुरबाट प्रयोगमा नआउदा सम्म जग्गाको रजिष्ट्रेशन रोकीन गई आम नगरबासीलाई प्रत्यक्ष असर पुग्ने र राजश्व समेत गुम्ने भएकोले उक्त डिजिटल प्रविधि कार्यान्वयन नहुदा सम्म सम्बन्धीत वडा कार्यालयबाटै जग्गाको बर्गीकरण(कृषि/गैर कृषि) निर्धारण गरेको आधारमा स्पस्ट खुलाई पुर्बवत रुपमै जग्गा रजिष्टशन पास र कित्ताकाटको प्रकृया सूचारु गर्न मालापोत कार्यालय तुलसीपुर तथा नापी कार्यालय तुलसीपुरलाई अनुरोध गर्ने ।

**निर्णय नं. २**

तुलसीपुर खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको च.नं.८ मिति २०७९।४।६ गतेको पत्र बमोजिम सहलगानी आयोजनाको कुल लगानी रकम रु. ५६,९०,२४,६३०.६७ मध्ये रु १४,२२,५६,१५७.६७ रकम नगरविकास कोषसंग ऋण जमानी बसिदिन अनुरोध भई आएकोले उक्त रकमको ऋण जमानी बस्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिकाको रोजगार सहायक पदपुर्ति समितिमा बिषयविज्ञको रुपमा यस उपमहानगरपालिकामा कार्यरत अधिकृत स्तर आठौ तहको श्री धनराज गौतमलाई बिषयविज्ञ तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगरपालिका सुरक्षित आप्रवासन कार्यविधि,२०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

टिकाराम खड्का
नगर प्रमुख

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७९ श्रावण १३ गते शुक्रबार (वि.सं.२०७९।४।१३) तुलसीपुर उपमहानगरपालिकाको दोश्रो कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र उत्पादन हुने बस्तु तथा सेवाको बिक्रि तथा निकासी शुल्क उठाउनका लागि तुलसीपुर उपमहानगरपालिकाले न्यनूतम राजश्व रु ४०,००,०००।(चालिस लाख) कायम गरी विद्युतीय बोलपत्र आवह्वन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र रहेका नदी तथा खोलाहरुको आई.ई.ई स्वीकृत भएको स्थानहरुमा नदीजन्य पदार्थ कार्यविधि,२०७५, लुम्बिनी प्रदेश र ढुङ्गा, गिट्टि,बालुवा लगायत नदीजन्य पदार्थ व्यवस्थापन मापदण्ड,२०७७ बमोजिम ठेक्का विद्युतीय बोलपत्र गरी लगाउने साथै ठेक्का लगाउनु भन्दा पहिला सम्बन्धीत वडाको सिफारिस माग गरी वडाले सिफारिस गरेको स्थानमा मात्र ठेक्का लगाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र घर जग्गा कारोबार तथा प्लटिङ्ग गर्ने कम्पनीहरुलाई यस उपमहानगरपालिकामा सूचिकृत गर्नुका साथै स्थानीय तहको दर्ता अनुमतिका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र प्लटिङ्ग कार्य गर्दा अनिवार्य रुपमा स्थानीय तहले निर्धारण गरेको मापदण्डमा रहि कित्ता काट गर्नु पर्ने साथै सोको सम्बन्धीत वडाबाट अनुगमन गर्दा मापदण्ड बिपरित कित्ताकाट गरेको पाईएमा त्यस्ता प्लटिङ्ग कम्पनीहरुलाई कालो सूचि(Black List) मा राख्ने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

टिकाराम खड्का
नगर प्रमुख

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत